**DOI:** https://doi.org/10.3126/pragyaratna.v6i2.70596

Established by INASP in 2007. Managed by Tribhuvan University Central Library.

Contents lists available at NepJol

**Pragyaratna**

*A Peer-Reviewed, Open Access Journal*



# स्नातक तहको अनुसन्धान विधि पाठ्यांश (नेपा.शि. ४४५) प्रति शिक्षकको दृष्टिकोण

सृजना देवी खड्का [a] ✉

✉shrijanadevikhadka@gmail.com

[a] Faculty of Education, Tribhuvan University, Mahendra Ratna Campus

**Article Info**

**Received:** August 17, 2024

**Accepted:** September 21, 2024

**Published:** October 22, 2024

**लेखसार**

*प्रस्तुत लेखमा त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत सञ्चालित चार बर्से बि. एड्को पाठ्यांश (२०७५) को संरचनाअनुसार नेपाली शिक्षा विशिष्टीकरणका पाठ्यांशमध्ये अनुसन्धान विधि (नेपा.शि. ४४५) मा केन्द्रित भएर यस विषयप्रति शिक्षकको दृष्टिकोण पत्ता लगाउने उद्देश्यले तयार पारिएको हो । यसमा उप( त्यकाभित्र र बाहिरका आङ्गिक र सामुदायिक क्याम्पसमा स्नातक र स्नातकोत्तर तहमा प्राध्यापन गर्ने २० जना शिक्षकलाई मात्र नमुनाको रूपमा लिएको छ । यो पाठ्यांशप्रति शिक्षकको धारणा पहिचान गरी यस पाठ्यांशको सैद्धान्तिक र कार्यान्वयन अवस्थाको जानकारी गराउनु यस अध्ययनको मुख्य समस्या हो । यसमा पोस्टपोजिटिभ प्याराडाइम ढाँचामा आबद्ध रही अर्धसंरचनात्मक प्रकृतिका केही बन्द प्रश्नावली निर्माण गरी स्थलगत भ्रमण र केही टेलिफोनमा अन्तर्वार्ता विधिको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । यस अध्ययनको प्राप्तिअनुसार यो विषय समय सान्दर्भिक छ भन्ने धारणामा सबै भन्दा धेरै १०० प्रतिशत अभिमत प्राप्त भएको छ । कक्षाकोठामा विद्यार्थीको सिकाइ क्रियाकलापमा सहभागिताप्रति केही सन्तुष्ट छु भन्ने धारणामा पनि १०० प्रतिशत अभिमत प्राप्त भएको छ। पाठ्यांशमा उल्लेखित सन्दर्भ पुस्तक केही प्राप्य छन् भन्ने धारणामा ९० प्रतिशत अभिमत परेको छ। । अध्ययनपत्र मूल्याङ्कन अङ्कभारप्रतिको धारणा लिँदा केही उपयुक्त छ भन्ने धारणामा ५० प्रतिशत अभिमत परेको छ भने अनुपयुक्त छ भन्नेमा २० प्रतिशत अभिमत परेको छ। । अन्य धारणालाई हेर्दा धेरैजसो मध्यम र केही उपयुक्त छ भन्नेमा अभिमत देखिएको छ । पाठ्यक्रमलाई बाटो देखाउने गाइडको रूपमा लिने भएकाले समय सान्दर्भिक मानिएको अनुसन्धान विधि पाठ्यांशमा कमजोर देखिएका पक्षलाई समेटी केही परि मार्जन गर्नुपर्ने देखिएको छ । पाठ्यांश निर्माण कार्यमा संलग्न विषयविज्ञ तथा सरोकारवालालाई यस अध्ययनले सहयोग पुग्ने देखिएको छ ।*

**शब्दकुञ्जी**: *अङ्क, अध्ययनीय, पाठ्यांश, सन्तुष्टि, सरोकार*

## विषय प्रवेश

प्रस्तुत लेख त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत सञ्चालित चार बर्से बि. एड्को पाठ्यांश (२०७५) को संरचनाअनुसार नेपाली शिक्षा विशिष्टीकरणका पाठ्यांशमध्ये अनुसन्धान विधि पाठ्यांश (नेपा. शि. ४४५) मा केन्द्रित रहेर तयार पारिएको छ । यस लेखमा अनुसन्धान विधि (नेपा. शि. ४४५) को पाठ्यांशप्रति शिक्षकको दृष्टिकोण, पाठ् यांशका समस्या समाधानका उपायहरू, यस पाठ्यांशबारे शिक्षकका अपेक्षाहरू र तिनको विश्लेषणात्मक पक्षलाई अध्ययनीय समस्या मानी यसको बारेमा शिक्षकको दृष्टिकोण पहिल्याएको छ ।

शैक्षिक उद्देश्य प्राप्त गर्न योजनाबद्ध निर्देशन गरिएको विद्यार्थीको सम्पूर्ण क्रियाकलाप समेटिएको दस्तावेज नै पाठ्यक्रम हो । टायलर (सन् १९४९) का अनुसार "कुन शैक्षिक उद्देश्य प्राप्त गर्न खोजिएको हो ? कसरी शैक्षिक अनुभवहरू प्रभावकारी रूपमा व्यवस्थित गर्न सकिन्छ ? कसरी यी उद्देश्यहरू पूरा भइरहेका छन् ? भनेर पाठ्यक्रम निर्माण गर्दा यी प्रश्नलाई महत्त्वपूर्ण कडीको रूपमा लिन सकिन्छ" (पृपृ. ५१-५३) । निश्चत उद्देश्य प्राप्य गर्नका लागि बनाइएको एक कुशल र व्यवस्थित कार्य नै पाठ्यक्रम हो जसले सिकाइका तरिकालाई व्यवस्थित गर्ने गर्दछ । राष्ट्रिय पाठ्यक्रम निर्माण गर्न देखि लिएर स्थानिय पाठ्यक्रम निर्माण गर्न कक्षाकोठाको कार्यन्वयन कर्ताका रूपमा चिनिने शिक्षकहरूको भावनालाई समेट्नु पर्दछ । टाबा (सन् १९६२) का अनुसार "विद्यार्थीका आवश्यकताहरू पहिचान गरेर मापन गर्न सकिने अवलोकनयोग्य उद्देश्यको चयन गरी सामग्रीलाई सङ्गठित रूपमा व्यवस्थित गर्ने कार्य पाठ्यक्रम हो । जसको निर्माण गर्दा सिकाइका अनुभवलाई जोड दिनु पर्दछ । पाठ्यक्रम निर्माण वा परिमार्जन गर्न विद्यार्थी र शिक्षकहरू बिच पनि कुराकानी गर्नुपर्दछ" (पृपृ. ८-९) । पाठ्यक्रम निर्माण गर्दा शिक्षकका विचारलाई पनि स्थान दिनु पर्दछ । (शर्मा

एण्ड शर्मा, २०६७, पृ. ११) ले भने अनुसार विषयवस्तुलाई स्तरअनुसार संगठित गरी शिक्षक विद्यार्थी बीचमा अन्तर्क्रिया गर्ने दस्तावेज नै पाठ्यक्रम हो । पाठ्यक्रमले सिकारुको रुचि, आवश्यकता र क्षमतालाई विचार गरी सिकाइने विषयवस्तुमा जोड दिन्छ । बालकेन्द्रित पाठ्यक्रमले समय सापेक्ष सामाजिक चाहना र भावी जीवनमा आधारित हुनुपर्छ भन्ने कुरालाई जोड दिन्छ । पाठ्यक्रमले सर्वप्रथम पाठ्यक्रमका उद्देश्य तय गर्दछ । ती उद्देश्यका आधारमा विषयवस्तुको निर्धारण गरिन्छ । (शर्मा एण्ड शर्मा, २०६७, पृ. ७७) ले यस सन्दर्भमा विषयवस्तुको प्राथमिकताको आधारमा विषयहरूको वर्गीकरण गरी निश्चित ढाँचाबद्ध गरिएको लिखतलाई पाठ्यक्रम मानेका छन् । विषयवस्तुमा सरलदेखि जटिलताको क्रममा के के कुरा सिकाउने भन्ने कुराको जानकारी दिइन्छ । लिखित सामग्रीहरूको शृङ्खलाबद्ध शिक्षण गने तथा शिक्षणलाई क्रियाकलापमूलक बनाउने आधारको रूपमा पाठ्यक्रमलाई लिएका छन् (लम्साल, ज्ञवाली र अन्य, २०६३, पृ. १) । शिक्षण कार्यकलापलाई जोड दिने पाठ्यक्रमले नै विद्यार्थीको सिकाइ उपलब्धिलाई जोड दिएको हुन्छ । यसैगरी प्रिमजोर र अलेक्जेन्डर (सन् २०१३) ले पाठ्यक्रम विकास परिवर्तनशील चर हो भनेका छन् । समयसँगसँगै पाठ्यक्रमलाई परिमार्जित गर्नुपर्दछ । रिचड्स (सन् २००९) ले यस सन्दर्भमा पाठ्यक्रम योजनाले के र कुन क्रममा शिक्षण गर्ने कुराको व्याख्या गर्ने दस्तावेजलाई पाठ्यक्रम मानेका छन् । शिक्षण सिकाइलाई सहज र स्वभाविक बनाउन पाठ्यक्रम निर्माण गरिएको हुन्छ । नेसन र म्याकलिस्टर (सन् २०१०) ले भाषा पाठ्यांशमा पाठ्यांशको लक्ष्य पूरा गर्ने भाषिक आइटम विचार, सिप, रणनीतिहरू समावेश गरिने बताएका छन् । वास्तवमा औपचारिक शिक्षण सिकाइ क्रियाकलापका लागि निश्चित ढाँचाबद्ध गरिएको लिखतलाई पाठ्यक्रम भनिन्छ । औपचारिक शिक्षण सिकाइ क्रियाकलापको समष्टि योजना पाठ्यक्रमलाई मानिन्छ । पाठ्यक्रमलाई सिकाइ उपलब्धी सम्बन्धी व्यवस्थित, संगठित एवम् विशिष्ट योजनाको रूपमा लिन सकिन्छ जसले शिक्षक, विद्यार्थी, विषयवस्तु र वातावरणजस्ता तत्वहरूलाई समेट्ने गर्दछ । विद्यार्थीलाई कुन पाठ कसरी, कति समयमा, के के उद्देश्य प्राप्तिका लागि कुन कुन शिक्षण सामग्री प्रयोग गर्ने, कुन शिक्षण विधि उपयोग गर्ने जस्ता प्रश्नको उत्तर दिने योजनाको रूपमा पाठ्यक्रमलाई मानिन्छ । (न्यौपाने, २०७१, पृ. ७९) ले पाठ्यक्रम निर्माण सम्बन्धमा "एउटै कक्षाका विभिन्न विषय बिच पनि समतलीय समन्वय हुनुपर्छ" भनेका छन् । एउटा कक्षाका सबै विषयमा एकै किसिमका कठिनाइस्तर भएका विषयवस्तु समेट्नु पर्दछ ।

पाठ्यक्रम एक महत्वपूर्ण योजना भएकाले यो मूलतः सिद्धान्त र दार्शनिकतामा अडिएको हुन्छ, पाठ्यक्रमलाई व्यावहारिकतामा लागु गराई आशातीत उद्देश्य पूरा गर्न सहयोग पुग्याउँछ (पौडेल, २०६८) । उद्देश्य, विषयवस्तु, शिक्षण सिकाइ क्रियाकलाप  र मूल्याङ्कन पाठ्यक्रमका तत्त्वहरू हुन् ।

> भाषा पाठ्यक्रमको स्तम्भका सम्बन्धमा पौडेल भन्छन् : भाषा पाठ्यक्रम भनेको कुनै पनि तह वा कक्षाका लागि भाषा शिक्षण गर्न र लक्षित भाषाका सिप र समझहरू स्तर अनुकूल विकास गर्नका लागि निर्माण गरिने मार्गदर्शन कार्य हो । यसमा पाठ्यांश शीर्षक, पाठ्यांशको परिचय, उद्देश्यहरू, पाठ्यवस्तु र त्यसको वितरण, शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रिया, पाठ्यपुस्तक र सन्दर्भ पुस्तक जस्ता स्तम्भहरू क्रमशः समावेश गरेर व्यवस्थित गरिएको हुन्छ । समग्र पाठ्यक्रम सुधार र परिमार्जनका लागि पाठ्यक्रममा मूल्याङ्कन प्रक्रिया एक अभिन्न अङ्ग मानिन्छ । (२०६८, पृपृ. ८८-९३)

यसरी सूक्ष्म कुराको आँकलन गरी कुनै पनि भाषा पाठ्यक्रमको प्रभावकारिता वा अप्रभावकारिताको मूल्याङ्कन गर्नुपर्ने भएकाले स्नातक तहको अनुसन्धान विधि (नेपा.शि. ४४५) पाठ्यांशप्रति शिक्षकको दृष्टिकोण शीर्षकसँग सम्बन्धित भएर कहीँ पनि अध्ययन नभएकाले उक्त रिक्तताको पूर्तिका लागि यो लेख तयार पारिएको हो ।

## अनुसन्धानात्मक प्रश्न तथा उद्देश्य

अनुसन्धानको सिद्धान्त र अवधारणात्मक रूपरेखाका आधारमा मापन प्रश्नहरू निर्माण गरिन्छ । यसलाई अनुसन्धान अन्तराललाई न्युनिकरण गर्न प्रयोग गरिन्छ । यस अनुसन्धानका अनुसन्धानात्मक प्रश्नहरूमा अनुसन्धान विधि पाठ्यांशमा समाविष्ट पाठ्यांशप्रति शिक्षकको दृष्टिकोण पत्ता लगाइ प्रस्तुत पाठ्यांशको सैद्धान्तिक र कार्यान्वयन अवस्थामा सम्बन्धित पक्षको ध्यान केन्द्रित गरी पाठ्यांशका समस्या समाधानका उपायहरू पत्ता लगाउनु रहेको छ । यसका लागि यस पाठ्यांशबारे शिक्षकका अपेक्षाहरू र तिनको विश्लेषणात्मक पक्षलाई समस्याका रूपमा लिएको छ ।

**अध्ययनको औचित्य**

प्रस्तुत लेख अनुसन्धान विधि पाठ्यांशप्रति शिक्षकको दृष्टिकोण पत्ता लगाउने उद्देश्यले तयार पारिएको हो । पाठ्यांशको संरचनागत प्रभावकारिता र पाठ्यांशप्रति शिक्षकको धारणा पहिचान गरी प्रस्तुत पाठ्यांशको सैद्धान्तिक र कार्यान्वयन अवस्थाको जानकारी गराउनु यस अध्ययनको औचित्य रहेको छ । विशेषतः पाठ्यक्रम निर्माता, विषय विज्ञ, लगायत सरोकारवालालाई यस लेखले मद्दत पुग्राउने देखिन्छ । पाठ्यक्रममा समावेश हुने अङ्गहरू, पाठ्यांश परिचय, साधारण उद्देश्य, विशिष्ट उद्देश्य, पाठ्यघण्टी वितरण, पठनपाठन कार्यकलाप, कार्यकलापको समसामयीकता, पाठ्यांशको आधारमा कक्षाकोठामा प्रयोग गरिएको शिक्षण विधि, प्रयोगात्मक अभ्यासप्रति सन्तुष्टि, विद्यार्थीको सिकाइ क्रियाकलापप्रति सन्तुष्टि, विषयवस्तुको सन्तुलन र अङ्कभार, प्रयोगात्मक कार्यको अधार, सिफारिस गरिएका सन्दर्भ पुस्तकको उपलब्धता, अनुसन्धान विधि विषयको सान्दर्भिकता, अध्ययन पत्र मूल्याङ्कन अङ्कभारप्रतिको धारणालाई लिएको छ ।

**अध्ययनको परिसीमा**

प्रस्तुत लेखमा त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत सञ्चालित उपत्यका भित्र र बाहिरका आङ्गिक र सामुदायिक क्याम्पसमा चार बर्से बि. एड्को पाठ्यांश (२०७५) को संरचनाअनुसार नेपाली शिक्षा विशिष्टीकरणका पाठ्यांशमध्ये अनुसन्धान विधि (नेपा. शि. ४४५) मा केन्द्रित रहेर तयार पारिएको छ। यस लेखमा पाठ्यक्रममा समावेश हुने अङ्गहरू, पाठ्यांश परिचय, साधारण उद्देश्य, विशिष्ट उद्देश्य, पाठ्यघण्टी वितरण, पठनपाठन कार्यकलाप, कार्यकलापको समसामयिकता, पाठ्यांशको आधारमा कक्षाकोठामा प्रयोग गरिएको शिक्षण विधि, प्रयोगात्मक अभ्यासप्रति सन्तुष्टि, विद्यार्थीको सिकाइ क्रियाकलापप्रति सन्तुष्टि, विषयवस्तुको सन्तुलन र अङ्कभार, प्रयोगात्मक कार्यको अधार, सिफारिस गरिएका सन्दर्भ पुस्तकको उपलब्धता, अनुसन्धान विधि विषयको सान्दर्भिकता, अध्ययन पत्र मूल्याङ्कन अङ्कभारप्रतिको धारणाको मात्र अध्ययन गरिएको छ ।

**सम्बद्धकार्यको समीक्षा र अवधारणात्मक ढाँचा**


प्रस्तुत लेखको सैद्धान्तिक तथा अवधारणागत स्वरूपको निर्माण गर्न तथा  अध्ययनको सीमा निर्धारण गरी विधि निर्धारण गर्न अगाडि भएका विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुसन्धान ग्रन्थ लेखहरूको समीक्षा गरिएको छ । बालकको चौतर्फी विकासको लागि उद्देश्य, पाठ्यवस्तु, सामग्री, विधि र मूल्याङ्कनजस्ता पक्षमा विषेश ध्यान दिई सिकाइका लागि बनाएको व्यवस्थित, वैज्ञानिक, व्यावहारिक योजना नै पाठ्यक्रम हो । जसले सुनिश्चित कार्यकलाप र प्रक्रिया अँगालेर अपेक्षीत उद्देश्य हासिल गराउन दिग्दर्शन प्रस्तुत गरेको हुन्छ । ढकाल (२०७७) ले भाषा पाठ्यक्रममा विद्यार्थीमा ल्याउन खोजिएको परिवर्तनको अपेक्षा, प्राप्त गर्ने पाठ्यवस्तु, तिनीहरूको प्रस्तुतिक्रम, उद्देश्य प्राप्त गर्न उपयोगमा ल्याउन सकिने साधनहरू, सामग्रीको सहायताले शिक्षक र विद्यार्थीले गर्ने कार्यकलाप र अपेक्षा पूरा भए नभएको वस्तुपरक रूपले  लेखाजोखा गर्ने उपायलाई सुझाएका छन् । पौडेल (२०६८) ले सुनिश्चित उद्देश्य सम्म पुग्नका लागि बनाएको एउटा योजनाबद्ध गोरेको रूपमा भाषा पाठ्यक्रमलाई चिनाएका छन् । पोखरेल र काफ्ले (२०७०) ले शिक्षण गतिविधिका सम्पूर्ण पक्ष समेटिएको शिक्षण सिकाइ कार्यकलापको सबैभन्दा भरपदो र आधिकारिक दस्तावेज पाठ्यक्रमलाई मानेका छन् । पाठ्यक्रममा शिक्षाका लक्ष्य र उद्देश्य, पाठ्यघण्टी, शिक्षण विधि, शिक्षण सामग्री, पाठ्यवस्तु, मूल्याङ्कन आदि समग्र विषयलाई व्यवस्थित रूपमा समेटीएको हुन्छ ।  पाठ्यक्रमले तोकेका पाठ्यसूचीअनुसारका विषयवस्तुलाई रुचि, स्तर, उमेर, तह, पूर्वभाषिक क्षमताअनुसारका उपविधामा ढालेर व्यवहारिक प्रस्तुतिका साथ सिमाङ्कन गरी कार्य रूप दिने एउटा सूक्ष्म प्रयासलाई पाठ्यांशको रूपमा चिनाएमा छन् । निउरे (२०७८) ले दर्शन, समाज र सिकाइका सिद्धान्तलाई पाठ्यक्रममा प्रभाव पार्ने स्रोतका रूपमा  चिनाएका छन् । यसरी पाठ्यक्रमलाई व्यवस्थित शैक्षिक योजनाको रूपमा लिन सकिन्छ । विद्यार्थीलाई औपचारिक रूपमा के पढाउने भन्ने कुरा पाठ्यांशमा सङ्केत गरिएको पाइन्छ ।

माथिको सम्बद्ध कार्यको अध्ययन गर्दा पाठ्यक्रम वा पाठ्यांशको उद्देश्य पाठहरूका विषयमा प्रभावकारी सूचना प्रदान

गर्नु हो । पाठ्यांश कक्षाकोठामा पढाइने पाठहरूको शीर्षकको क्रमबद्ध सूची भएकाले यस अध्ययनमा लागि यस पाठ्यांशबारे शिक्षकका अपेक्षाहरू र तिनको विश्लेषण पक्षलाई आधार मानिएको छ । उपर्युक्त सम्बद्धकार्यको आधारमा यस पाठ्यांशबारे शिक्षकका अपेक्षाहरूको तथ्याङ्कशास्त्रीय परीक्षणका लागि आवश्यक पर्ने आधारभूत साधन निर्माण गरी तथ्याङ्क विश्लेषणको आधार तयार गरिएको छ ।

## अवधारणागत ढाँचा

यस लेखमा निम्नानुसारको अवधारणात्मक ढाँचा अबलम्बन गरिएको छ ।




## अध्ययन विधि र सामग्री

प्रस्तुत अध्ययन पोस्टपोजिटिभ प्याराडाइमको सङ्ख्यात्मक र शाब्दिक दुबै प्रकारका तथ्याङ्कहरू सङ्कलन गरी प्रमाणिक मापनको साधनका साथै अन्तर्वार्तामा सहभागी गराइएको छ । अर्धसंरचनात्मक प्रकृतिका जस्तै : अनुसन्धान विधिविषयको सान्दर्भिकता : समय सान्दर्भिक, केही सान्दर्भिक, असान्दर्भिक भन्ने विकल्प राखी केही बन्द प्रश्नावली निर्माण गरी सम्भव भएको ठाउँमा स्थलगत भ्रमण र केही टेलिफोनमा अन्तर्वार्ता विधिको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

## व्याख्या विश्लेशण

यस अध्ययनअन्तर्गत अनुसन्धान विधि ( नेपा.शि. ४४५ ) पाठ्यांशप्रति शिक्षकको दृष्टिकोणको विश्लेषण गरिएको छ । यसमा परिमाणात्मक ढाँचा अपनाएर उपत्यकाभित्र र बाहिरका आङ्गिक र सामुदायिक क्याम्पसमा स्नातक र स्नातकोत्तर तहमा प्राध्यापन गर्ने २० जना शिक्षकलाई नमुनाको रूपमा लिएको छ । यस लेखमा पाठ्यक्रममा समावेश हुने अङ्गहरू, पाठ्यांश परिचय, साधारण उद्देश्य, विशिष्ट उद्देश्य, पाठ्यघण्टी वितरण, पठनपाठन कार्यकलाप, कार्यकलापको समसामयीकता, पाठ्यांशको आधारमा कक्षाकोठामा प्रयोग गरिएको शिक्षण विधि, प्रयोगात्मक अभ्यासप्रति सन्तुष्टि, विद्यार्थीको सिकाइ क्रियाकलापप्रति सन्तुष्टि, विषयवस्तुको सन्तुलन र अङ्कभार, प्रयोगात्मक कार्यको अधार, सिफारिस

गरिएका सन्दर्भ पुस्तकको उपलब्धता, अनुसन्धान विधि विषयको सान्दर्भिकता, अध्ययन पत्र मूल्याङ्कन अङ्कभारप्रतिको धारणालाई मात्र परीक्षण गरिएको छ ।

### *पाठ्यक्रममा समावेश हुनुपर्ने अङ्गहरूप्रति शिक्षकको प्रतिक्रिया*

यसमा शिक्षकहरूको प्रतिक्रिया लिँदा पाठ्यक्रमका अङ्गहरूलाई आधार मानिएको छ । उक्त पाठ्यांशमा पाठ्यक्रमका अङ्गहरू पूर्ण रूपमा समावेश भएका छन् कि छैनन् भनी अध्ययन गरिएको छ । प्रस्तुत अध्ययनका क्रममा पूर्ण रूपमा समावेश भएका छन्, केही रूपमा समावेश भएका छन्, समावेश भएका छैनन् भन्ने प्रतिमान निर्माण गरी २० जना शिक्षकको प्रतिक्रिया लिएको छ ।

तालिका १: *पाठ्यक्रममा समावेश हुनुपर्ने अङ्गहरूप्रति शिक्षकको प्रतिक्रिया*

| अध्ययनको अधार | जम्मा प्रतिशत |
|---|---|
| पूर्ण रूपमा समावेश भएका | ८० |
| केही रूपमा समावेश भएका | २० |
| समावेश भएका छैनन् | - |

स्रोत : टेलिफोन अन्तर्वार्ता तथा स्थलगत अध्ययन, २०८१

तालिका १ मा प्रस्तुत तथ्याङ्कअनुसार पाठ्यांशमा पाठ्यक्रमका अङ्गहरू पूर्ण रूपमा समावेश भएका छन् भन्ने धारणामा अधिक नतिजा प्राप्त भएको छ । यस अन्तर्गत पाठ्यांश शीर्षक , पाठ्यक्रमका साधरण र विशिष्ट उद्देश्य, पाठ्यवस्तु र त्यसको वितरण, शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रक्रिया समेटिएका छन् । यस पाठ्यांशमा यी शीर्षकहरू समावेश भएको देखिन्छ ।

### *पाठ्यांश परिचय स्तम्भप्रति शिक्षकको प्रतिक्रिया*

शिक्षकको प्रतिक्रिया लिँदा पाठ्यांश परिचयलाई आधार मानिएको छ । शिक्षकले प्रतिक्रिया लिँदा पूर्ण रूपमा पाठ् यांशलाई समेट्छ, केही रूपमा पाठ्यांशलाई समेट्छ र पाठ्यांशलाई समेटेको छैन जस्ता प्रतिमान निर्माण गरी शिक्षकले प्रतिक्रिया लिएको छ । यसबाट निम्नानुसारको परिणाम प्राप्त भएको छ ।

तालिका २: *पाठ्यांश परिचय स्तम्भप्रति शिक्षकको प्रतिक्रिया*

| अध्ययनको अधार | जम्मा प्रतिशत |
|---|---|
| पूर्ण रूपमा पाठ्यांशलाई समेट्छ | ६० |
| केही रूपमा पाठ्यांशलाई समेट्छ | २० |
| पाठ्यांशलाई समेटेको छैन | - |

स्रोत : टेलिफोन अन्तर्वार्ता तथा स्थलगत अध्ययन, २०८१

तालिका २ मा प्रस्तुत तथ्याङ्कअनुसार पाठ्यांश परिचयले पूर्ण रूपमा पाठ्यांशलाई समेट्छ भन्ने प्रतिमानमा अधिक प्रतिक्रिया प्राप्त भएको छ। । शीर्षकबाट नै पाठ्यांश वा पाठ्यक्रमको नाम, तह, कक्षा, प्रकार वा प्रकृति आदिको सामान्य सूचना प्राप्त हुन्छ । साथै कोड नं. त्यसको प्रकृति, पूर्णाङ्क, उत्तीर्णाङ्क, साप्ताहिक वा दैनिक पिरियड भार, वार्षिक भार, शिक्षणीय समय घण्टा, शिक्षणीय समय घण्टा, शिक्षणीय तह वा कक्षा र वर्ष आदि शीर्ष सूचनाहरू उल्ले

ख गरिएका हुन्छन् । त्यसैगरी सैद्धान्तिक वा प्रयोगात्मक किसिम, अनिवार्य, ऐच्छक आदि सूचनाहरू दिएको हुन्छ । यस पाठ्यांशमा यी सबै सूचनाहरू भएकाले पाठ्यांश परिचय शीर्षक उपयक्त नै देखिन्छ ।

तालिका ३: *पाठ्यांशको साधारण उद्देश्यप्रति शिक्षकको प्रतिक्रिया*

| अध्ययनको अधार | जम्मा प्रतिशत |
|---|---|
| तह र स्तरअनुसार अतिउत्तम | ३० |
| तह र स्तरअनुसार मध्यम | ७० |
| तह र स्तरअनुसार निम्न | - |

स्रोत : टेलिफोन अन्तर्वार्ता तथा स्थलगत अध्ययन, २०८१

यस तालिकाअनुसार तह र स्तरअनुसार मध्यम छ भन्ने प्रतिमानमा अधिक प्रतिक्रिया प्राप्त भएको छ । साधारण उद्देश्य तह अनुसार अलिक बढी आशावादी हुन् कि भन्ने धारणा राखेको पाइन्छ । यस पाठ्यांशले आठ वटा साधारण उद्देश्य राखेको पाइन्छ । भाषिक अनुसन्धानको परिचय दिई यसका विविध पक्षसँग परिचित तुल्याउने भनेर पहिलो उद्देश्य राखेको छ । यसो भन्नु भन्दा भाषिक अनुसन्धानको परिचय दिई यसको प्रयोजन, प्रकार र क्षेत्र जस्ता विविध पक्षसँग परिचित तुल्याउने भनेर राख्नु उपयुक्त हुन्छ ।

तालिका ४: *पाठ्यांशको विशिष्ट उद्देश्यप्रति शिक्षकको प्रतिक्रिया*

| अध्ययनको अधार | जम्मा प्रतिशत |
|---|---|
| तह र स्तरअनुसार अतिउत्तम | २० |
| तह र स्तरअनुसार मध्यम | ८० |
| तह र स्तरअनुसार निम्न | - |

स्रोत : टेलिफोन अन्तर्वार्ता तथा स्थलगत अध्ययन, २०८१

यस तालिकाअनुसार तह र स्तरअनुसार पाठ्यांशको विशिष्ट उद्देश्य मध्यम छ भन्ने प्रतिमानमा अधिक प्रतिक्रिया प्राप्त भएको छ । पाठ्य विषयलाई जोडेर विशिष्ट उद्देश्य राखेको देखिन्छ । प्रत्येक कक्षाको अध्यापन पछि विद्यार्थीमा कुनै पनि तरिकाले परिवर्तन ल्याउन सक्नु पर्दछ । विद्यार्थीहरूमा विकसित हुनुपर्ने खास व्यवहारहरूलाई विशिष्ट उद्देश्यमा राखिन्छ । तहअनुसार  बढी नै आशावादी विशिष्ट उद्देश्य राखेको देखिन्छ । पाठ्यविषय अनुसार विशिष्ट उद्देश्य राखेको देखिन्छ ।

तालिका ५: *पाठ्यांशको पाठ्यघण्टी वितरणप्रति शिक्षकको प्रतिक्रिया*

| अध्ययनको अधार | जम्मा प्रतिशत |
|---|---|
| सबै एकाइमा उपयुक्त छ | ४० |
| केही एकाइमा उपयुक्त छ | ६० |
| अनुपयुक्त | - |

स्रोत : टेलिफोन अन्तर्वार्ता तथा स्थलगत अध्ययन, २०८१

यस तालिकाअनुसार पाठ्यांशको पाठ्यघण्टी वितरण केही एकाइमा उपयुक्त छ भन्ने प्रतिमानमा अधिक प्रतिक्रिया प्राप्त भएको छ । एकाइ एकका लागि १७ घन्टी पाठ्यभार छुट्याएको पाइन्छ।य समा पाठ्यघन्टी वितरणअनुसार पाठ्यविषयको लोड बढी देखिन्छ । त्यसैगरी एकाइ दुईमा तथ्याङ्क सङ्कलन र उपकरण निर्माणका लागि १३ घन्टी छुट्याएको पाइन्छ । एकाइ तीनमा भाषिक अनुसन्धानमा साङ्ख्यिकीको प्रयोगका लागि ८ घन्टी छुट्याएको पाइन्छ । त्यसैगरी एकाइ चारमा अनुसन्धान प्रस्ताव र यसका प्रमुख अङ्गहरूको लागि भने ४५ घन्टी पाठ्यभार छुट्याएको पाइन्छ । फेरि एकाइ पाँचमा अनुसन्धान प्रतिवेदनको लागि भने ७ घन्टी पाठ्यभार छुट्याएको पाइन्छ । अनि एकाइ छ मा अनुसन्धानको ढाँचा र प्राविधिक पक्षका लागि ७ घन्टी पाठ्यभार छुट्याएको पाइन्छ र अन्त्मा एकाइ सातमा कार्यमूलक अन्सन्धानका लागि १३ घन्टी पाठ्यभार छुट्याएको पाइन्छ ।

तालिका ६: *पाठ्यांशको पाठ्यघण्टी अनुसार पठनपाठन क्रियाकलापप्रति शिक्षकको प्रतिक्रिया*

| अध्ययनको अधार | जम्मा प्रतिशत |
|---|---|
| उत्तम | २० |
| मध्यम | ८० |
| निम्न | - |

स्रोत : टेलिफोन अन्तर्वार्ता तथा स्थलगत अध्ययन, २०८१

यस तालिकाअनुसार पाठ्यांशको पाठ्यघण्टी अनुसार पठनपाठन क्रियाकलाप मध्यम छ भन्ने प्रतिमानमा अधिक प्रतिक्रिया प्राप्त भएको छ । पहिलो कुरा त पाठ्यांशको पाठ्यघण्टी वितरण केही एकाइमा मात्र उपयुक्त छ । त्यसमा पनि पाठ्यांशको पाठ्यघण्टी अनुसार पठनपाठन क्रियाकलाप भएको पाइदैन । यसको व्यवहारिक रूपमा कार्यान्वयन गर्नका लागि अनुगमनको परिपाटीलाई आत्मसात् गर्नँपर्ने देखिन्छ ।

तालिका ७ः *क्रियाकलापको समसामयिकताप्रति शिक्षकको प्रतिक्रिया*

| अध्ययनको अधार | जम्मा प्रतिशत |
|---|---|
| उत्तम | ४० |
| मध्यम | ६० |
| निम्न | - |

स्रोत : टेलिफोन अन्तर्वार्ता तथा स्थलगत अध्ययन, २०८१

यस तालिकाअनुसार क्रियाकलापको समसामयिकता मध्यम छ भन्ने प्रतिमानमा अधिक प्रतिक्रिया प्राप्त भएको पाइन्छ । एकाइको प्रकृति अनुसार पाठ्यपुस्तक, सन्दर्भ पुस्तक, तालिका र आरेखजस्ता सामग्रीको प्रयोग गरी व्याख्यान, छलफल, प्रश्नोत्तर विधि र प्रस्तुतीकरणको उपयोग गरी कक्षामा प्रस्तुत गर्नँ पर्ने कुरा उल्लेख गरिएता पनि कक्षा प्रस्तुती र उपस्थितिको आन्तरिक मूल्याङ्कनको व्यवस्था नभएकाले कक्षाकोठामा विद्यार्थीको नियमित उपस्थिति देखिदैन । आर्थिक समस्याले गर्दा पनि क्रियाकलापलाई समसामयिक बनाउन सकेको पाइदैन ।

तालिका ८: *पाठ्यांशका आधारमा कक्षाकोठामा प्रयोग गरिएको शिक्षण विधिप्रति शिक्षकको प्रतिक्रिया*

| अध्ययनको अधार | जम्मा प्रतिशत |
|---|---|
| पूर्ण रूपमा पाठ्यांशमा उल्लेख भएअनुरूप भएको | १० |
| केही रूपमा पाठ्यांशमा उल्लेख भएअनुरूप भएको | ८० |
| पाठ्यांशमा उल्लेख भएअनुरूप नभएको | १० |

स्रोत : टेलिफोन अन्तर्वार्ता तथा स्थलगत अध्ययन, २०८१

यस तालिकामा प्रस्तुत तथ्याङ्कअनुसार पाठ्यांशका आधारमा कक्षाकोठामा प्रयोग गरिएको शिक्षण विधिले पूर्ण रूपमा पाठ्यांशलाई समेट्छ भन्ने धारणामा पाठ्यांशमा उल्लेख भएअनुरूप नभएको भन्ने प्रतिमानमा अधिक प्रतिक्रिया प्राप्त भएको छ ।

तालिका ९: *कक्षाकोठाको प्रयोगात्मक अभ्यासप्रति सन्तुष्टि*

| अध्ययनको अधार | जम्मा प्रतिशत |
|---|---|
| पर्याप्त भएको | १० |
| केही भएको | ९० |
| नभएको | - |

स्रोत : टेलिफोन अन्तर्वार्ता तथा स्थलगत अध्ययन, २०८१

तालिका ९ मा प्रस्तुत तथ्याङ्कअनुसार कक्षाकोठाको प्रयोगात्मक अभ्यासप्रति सन्तुष्टि केही भएको भन्ने प्रतिमानमा अधिक प्रतिक्रिया प्राप्त भएको छ । अधिकांश विद्यार्थी नियमित रूपमा कक्षाकोठामा उपस्थित नहुने भएकाले यो समस्या रहेको छ । फोटो कपी सेन्टरबाट हुबहु सार्नेको सङ्ख्या अधिक रहेको छ ।

तालिका १०: *कक्षाकोठामा विद्यार्थीको शिक्षण सिकाइ क्रियाकलापमा सहभाताप्रति सन्तुष्टि*

| अध्ययनको अधार | जम्मा प्रतिशत |
|---|---|
| सन्तुष्टि छु | - |
| केही सन्तुष्टि छु | १०० |
| सन्तुष्टि छैन | - |

स्रोत : टेलिफोन अन्तर्वार्ता तथा स्थलगत अध्ययन, २०८१

तालिका १० मा प्रस्तुत तथ्याङ्कअनुसार कक्षाकोठामा विद्यार्थीको शिक्षण सिकाइ क्रियाकलापमा सहभाताप्रति केही सन्तुष्टि छु  भन्ने धारणामा अधिक मत प्राप्त भएको छ । कक्षाकोठामा विद्यार्थीको शिक्षण सिकाइ क्रियाकलापमा सहभागिता बापत् आन्तरिक मूल्याङ्कन नहुने व्यवस्थाले पनि केही प्रभाव पारेको अभिमत प्राप्त भएको देखिन्छ ।

तालिका ११: *पाठ्यांशमा उल्लिखित विषयवस्तुको सन्तुलन र अङ्कभारप्रति शिक्षकको प्रतिक्रिया*

| अध्ययनको अधार | जम्मा प्रतिशत |
|---|---|
| उत्तम | २० |
| मध्यम | ८० |
| निम्न | - |

स्रोत : टेलिफोन अन्तर्वार्ता तथा स्थलगत अध्ययन, २०८१

तालिका ११ मा प्रस्तुत तथ्याङ्कअनुसार पाठ्यांशमा उल्लिखित विषयवस्तुको सन्तुलन र अङ्कभार मध्यम छ भन्ने प्रतिमानमा अधिक प्रतिक्रिया प्राप्त भएको छ । पहिलो कुरा त सैद्धान्तिक र प्रयोगात्मक परीक्षाको सन्तुलन र अङ्कभार नमिलेको प्रतिक्रिया प्राप्त भएको पाइन्छ भने अर्को कुरा तहअनुसार विषयवस्तुको सन्तुलन पनि मध्यम रहेको छ ।

तालिका १२: *प्रयोगात्मक कार्यको आधार*

| अध्ययनको अधार | जम्मा प्रतिशत |
| --- | --- |
| मार्गनिर्देशन पर्याप्त छ | ३० |
| मार्गनिर्देशन सामान्य छ | ७० |
| मार्गनिर्देशन छैन | - |

स्रोत : टेलिफोन अन्तर्वार्ता तथा स्थलगत अध्ययन, २०८१

तालिका १२ मा प्रस्तुत तथ्याङ्कअनुसार प्रयोगात्मक कार्यको आधारमा मार्गनिर्देशन सामान्य छ भन्ने धारणामा अधिक प्रतिक्रिया प्राप्त भएको छ। शिक्षकहरूलाई समय समयमा तालिम नदिएको गुनासो पोखेको पाइयो। यसका साथै प्रस्ट निर्देशन पनि पाठ्यांशमा उल्लेख छैन भन्ने धारणा आएको देखियो। अध्ययन पत्र तयार गर्ने एउटा लघु अनुसन्धान जतिको कार्यका लागि २० नम्बर छुट्याएतापनि पाठ्यांशका अन्य विषयको लोडलाई जति महत्त्वका साथ लिएको छ तर प्रयोगात्मक कार्यको लोड छुट्याएर कुनै त्यस्तो मार्गनिर्देशन दिएको छैन। यसै वर्षको शिक्षण अभ्यास (ने.पा.शि. ४४०) पाठ्यांशमा भने विद्यालय अभिलेख लेखनका लागि ६ घन्टी ( बी. एड. तहको शिक्षण अभ्यास पाठ्यांश निदेर्शिका, २०७५ ) पाठ्यभार छुट्याएको देखिन्छ

तालिका १३: *पाठ्यांशमा सिफारिस गरिएका सन्दर्भ पुस्तकको उपलब्धताप्रति शिक्षकको प्रतिक्रिया*

| अध्ययनको अधार | जम्मा प्रतिशत |
| --- | --- |
| सबै सहजै प्राप्य छन् | १० |
| केही प्राप्य छन् | ९० |
| अप्राप्य छन् | - |

स्रोत : टेलिफोन अन्तर्वार्ता तथा स्थलगत अध्ययन, २०८१

तालिका १३ मा प्रस्तुत तथ्याङ्कअनुसार पाठ्यांशमा सिफारिस गरिएका सन्दर्भ पुस्तक केही प्राप्य छन् भन्ने प्रतिमानमा अधिक प्रतिक्रिया प्राप्त भएको छ। कनै ठाउँमा त शिक्षकले समेत जे. डब्लु. क्रेसवलको नाम नै नसुनेको पाइयो। नेपाली भाषामा लेखिएका सामग्री समेत सबै ठाउँमा नपाउने अवस्था रहेको प्रतिक्रिया प्राप्त भएको छ।

तालिका १४: *अध्ययन पत्र मूल्याङ्कन अङ्कभारप्रतिको धारणा*

| अध्ययनको अधार | जम्मा प्रतिशत |
| --- | --- |
| उपयुक्त छ | ३० |
| केही उपयुक्त छ | ५० |
| अनुयुक्त | ६० |

स्रोत : टेलिफोन अन्तर्वार्ता तथा स्थलगत अध्ययन, २०८१

तालिका १४ मा प्रस्तुत तथ्याङ्कअनुसार अध्ययन पत्र मूल्याङ्कन अङ्कभार केही उपयुक्त छ भन्ने प्रतिमानमा अधिक प्रतिक्रिया प्राप्त भएको छ। एउटा लघु अनुसन्धान (मिनि रिसर्च) जतिको कार्यलाई बीस पूर्णाङ्क मात्र छुट्याउनु न्यायोचित नभएको विचार प्रकट गरेका छन्।

तालिका १५: *अनुसन्धान विधि विषयको सान्दर्भिकता*

| अध्ययनको अधार | जम्मा प्रतिशत |
|---|---|
| समय सान्दर्भिक | १००% |
| केही सान्दर्भिक | - |
| असान्दर्भिक | - |

स्रोत : टेलिफोन अन्तर्वार्ता तथा स्थलगत अध्ययन, २०८१

तालिका १५ मा प्रस्तुत तथ्याङ्कअनुसार अनुसन्धान विधि विषय समय सान्दर्भिकता छ भन्ने प्रतिमानमा अधिक प्रतिक्रिया प्राप्त भएको छ। माथिल्लो तहको सिकाइ खोजमूलक हुनुपर्ने देखिन्छ। अनुसन्धान विधि पाठ्यांश आफैमा खोजमूलक भएकाले समयसान्दर्भिक देखिन्छ।

## नतिजा तथा उपलब्धि

यस विषयले विद्यार्थीमा भाषिक अनुसन्धानसँग परिचित गराइ नमुना छनोट र उपकरण निर्माण गर्न सक्ने सिपको विकास गर्ने अपेक्षा गरेको छ। शिक्षकको दृष्टिकोणमा अनुसन्धान विधि (नेपा.शि. ४४५) पाठ्यविषयको प्रकृतिअनुसार सैद्धान्तिक र प्रयोगात्मक भएकाले विशेषत शिक्षण प्रक्रियामा एकाइको प्रकृति अनुसार कक्षाकोठामा विद्यार्थीको सक्रियता हुनु पर्नेमा कक्षा सहभागिता मध्यम रहेको देखिएको छ। पुस्तक, सन्दर्भ पुस्तक, तालिका र आरेखजस्ता सामग्रीको प्रयोग गरी व्याख्यान, छलफल, प्रश्नोत्तर विधि जस्ता विविध विधिका साथै कक्षा प्रस्तुतिकरणलाई प्रयो ग गरी शिक्षण सिकाइमा जोड दिनुपर्ने देखिन्छ। यसको लागि सहयोगात्मक सिकाइलाई प्राथमिकता दिई समूहगत रूपमा कार्य गर्ने वातावरण निर्माण गर्नं पर्ने देखिन्छ। सबै विद्यार्थीहरू नियमित रूपमा कक्षामा उपस्थित हुनका लागि अनलाइन र भौतिक उपस्थिति दुवै मोडमा कक्षा सञ्चालन गर्न सक्नु पर्ने देखिन्छ। अझ सिकाइलाई प्रभावकारी बनाउन कक्षामा उपस्थिति, कार्यकलापमा सहभागिता, कक्षा प्रस्तुती बापत् को अङ्क प्राप्त हुने आन्तरिक मूल्याङ्कनको नीतिगत व्यवस्था मिलाउनु पर्ने देखिन्छ। यसका साथै एउटै कक्षाका विभिन्न विषयहरूबिच समतलीय समन्वय हुनुपर्ने भएता पनि यस तहमा रिसर्च मेथोडोलोजी इन इङ्लिस एजुकेसन (इडि. ४४५), बेसिक रिसर्च इन पपुलेसन एजुकेसन (इडि. ४३४) र बेसिक रिसर्च एन्ड प्रोजेक्ट मिट इन हेल्थ एन्ड फिजिकल एजुकेसन (इडि. ४३४) जस्ता विषयमा ५० पूर्णाङ्क प्राक्टिकलको लागि अङ्कभार छुट्याइएको पाइन्छ तर समान तहमा समान कार्यको लागि नेपाली विषयमा चाँहि २० पूर्णाङ्कको मात्र लोड छुट्याएकाले नीतिगत पक्ष फितलो रहेको भन्न सकिन्छ। यसका साथै अनुसन्धान विधि विषय समय सान्दर्भिक भएता पनि यो पाठ्यांश जुन उद्देश्यले त्रि. वि. शिक्षाशास्त्रमा राखिएको हो त्यसको अपेक्षा माथिको विश्लेषणका आधारमा विविध कारणले मध्यम रहेको छ। यो पाठ्यांशको सैद्धान्तिक पाटो बलियो देखिन्छ भने नीतिगत पक्ष केही फितलो रहेको देखिन्छ। समग्रमा यो अध्ययनबाट प्रस्तुत पाठ्यांशको सैद्धान्तिक र कार्यान्वन अवस्था बुझिएको छ। यो लेख मुख्यतः शिक्षाशास्त्र डिन कार्यालय नेपाली शिक्षा विषय समितिका लागि उपयोगी हुन सक्छ। साथै यस विषयमा आबद्ध रहनु भएका सरोकारवालाहरूले यो लेख उपयोग गर्न सक्नेछन्। अतः यस अध्ययनको नीतिगत उपादेयता भनेको पाठ्यक्रम निर्माता एवं पाठ्यांश कार्यान्वन कर्ताका रूपमा रहने शिक्षकहरूका लागि मार्गनिर्देशन गर्ने कार्यसँग सम्बन्धित रहनु हो।

### सन्दर्भसामग्री सुची

ज. ब. रा., श्रेष्ठ र रंजितकार ( २०६१ ), योजना र अभ्यास, विद्यार्थी पुस्तक भण्डार।
ढकाल, शान्तिप्रसाद ( २०७८ ), नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति, पिनाकल पब्लिकेसन।
निउरे, ध्रँवप्रसाद ( २०७८ ), पाठ्यक्रम तथा मूल्याङ्कन, क्वेस्ट पब्लिकेसन प्रा. लि.।
न्यौपाने, कुलराज ( २०७१ ), पाठ्यक्रम तथा मूल्याङ्कन, त्रिपिटक प्रकाशन प्रा. लि.।

पौडेल, माधवप्रसाद ( २०६८ ), भाषा पाठ्यसामग्री तथा शिक्षण पद्धति, विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, रामप्रसाद ( २०६८ ), भाषिक अनुसन्धान विधि, शुभकामना प्रकाशन ।

लम्साल, राजेन्द्र, ज्ञवाली, रामप्रसाद र अन्य ( २०६३ ), पाठ्यक्रम तथा शिक्षण पद्धति, भुँडीपुराण प्रकाशन ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला ( २०६७ ), पाठ्यक्रम योजना र अभ्यास, एम. के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

DFSK on McPhail, G. (2021). The search for deep learning: a curriculum coherence model. JOURNAL OF CURRICULUM STUDIES.VOL. 53, NO. 4, 420–434. https://doi.org/10.1080/ 00220272.2020.1748231 /fhL lgof÷Rajaee Nia, M., Abbaspour, E., and Zare, J. (2013). A

l/r8; {÷Richards, J. (2001). Curriculum development in language teaching. Edinburgh: Cambridge University Press.

<http. || dx.doi org10.1017|CBO9780511667220>

Taba, H. (1962) *Curriculum development: Theory and practice*. New York: Harcourt.

Tyler, R.W. (1939). *Basic principles of Curriculum and instruction*. Chicago.